☎ ०८८–५३००१९

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि विकास कार्यालय
## रूकुम (पश्चिम भाग)
कार्यालय कोड नं: ३१२०१५९०२६

पत्र संख्याः- २०८२/८३ प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०४/२८
सूचना नं.-२

विषयः **बर्षे फलफूलका बिरुवा माग गर्ने सम्बन्धि सूचना** !!!

यस कार्यालयको आर्थिक वर्ष २०८२/८३ को स्विकृत बार्षिक कार्यक्रम अनुसार सानिभेरी गाउँपालिका, चौरजहारी नगरपालिका र आठबिसकोट नगरपालिकाहरुमा आँप/लिची/अम्वा फलफूल बगैचा स्थापना गर्ने कार्यक्रम रहेकोले परल मूल्यको ५० प्रतिशत अनुदानमा बिरुवा लिई बगैचा स्थापना गर्न इच्छुक लक्षित क्षेत्रका कृषक/कृषक समूह/नीजि फर्म तथा सहकारी संस्थाहरुबाट निबेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित मितिले १५ दिन भित्र (मिति २०८२/०५/१२ गते सम्म) कार्यालय समयमा आवश्यक कागजातहरु संलग्न राखी आवेदन पेश गर्न सूचित गराइन्छ । म्याद नाघी वा रित नपुगी प्राप्त हुन आएका निबेदनउपर कुनै कारबाही हुने छैन । यस सम्बन्धी थप जानकारीका लागि कार्यालयको *Website:* ***www.adorukumwest.karnali.gov.np*** हेर्न वा कार्यालयको टलिफोन नं. *०८८-५३००१९* वा मोवाइल नं.९८५७८२४२११ मा सम्पर्क गर्न सकिने छ ।

**आवश्यक कागजातहरुः**

१. बिरुवा मागको निबेदन (बिरुवाको नाम/जात/परिमाण/अनुमानित लागत सहभागिता रकम खुलाउनु पर्ने)
२. कृषक समूह/सहकारी/फर्मको हकमा संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।
३. कृषक समूह/सहकारी संस्थाको हकमा बिरुवा माग गर्ने निर्णयको प्रतिलिपि
४. कृषकको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।

भरत बहादुर वस्नेत
निमित्त प्रमुख